# नेपाल गजेट

## भाग १

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७] काठमाडौं श्रावण ११ गते २०१४ साल [अतिरिक्ताङ्क ३


# शाही घोषणा

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलीविराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर ईनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम सदा समरविजयिनाम्।

आगे हाम्रा प्यारा प्रजाहरूके यथोचित,

समय समयमा गठन भएको सरकारहरूद्वारा यथाशक्य प्रजातन्त्र फलाउने प्रयास भै आएको हो।

हाम्रो मुलुकको वर्तमान परिस्थितिमा अझै सबै राजनैतिक दलहरूमा आपसी एकताको अति जरूरी छ भन्ने हामीलाई लागेकोले हामीबाट देशसेवा र देश-निर्माणको लागि यही गत आषाढ ३१ गतेको घोषणाद्वारा सबैलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८१

सूचित गरिबक्सेका थियौं। तर राजनैतिक क्षेत्रमा आपसी सद्‌भावनाको कमीले हो वा त्यागको न्यूनताले हो, सो सम्पन्न हुन सकेन। जसमा सबै प्रजातन्त्र प्रेमीहरूलाई खेद लाग्नु स्वाभाविकै छ। मुलुकको बहत्तर भलाइको निमित्त राजनैतिक क्षेत्रमा राष्ट्रिय एकताको कति आवश्यकता छ भन्ने सबैले बुझिआएकै हो।

हामी अझ पनि यो मन्न चाहन्छौं कि प्रजातान्त्रिक पद्धति र सबैको निःस्वार्थ प्रयास र त्यागबाट देशमा आएको प्रजातन्त्र हर प्रकारले दरो र सुस्थिर बनाउने हाम्रो निरन्तर प्रयास जारी नै रहनेछ।

मुलुकमा प्रजातान्त्रिक पद्धतिको जग राम्रोसँग स्थापना होस् भन्ने हाम्रो दृढ इच्छा भएकोले र प्रत्यक्ष शासन चलाउने हाम्रो इच्छानुकूल नहुँदा संवत् २०१४ साल आषाढ ३१ गतेको हाम्रो घोषणाबमोजिम संयुक्त प्रजातन्त्र पार्टीका अध्यक्ष श्री कुँवर इन्द्रजितसिंहले जाहेर गरेको रिपोर्टमा विचार गरी संयुक्त प्रजातन्त्र पार्टीका अध्यक्ष श्री कुँवर इन्द्रजितसिंहको नेतृत्वमा आज निम्नलिखित व्यक्तिहरूको एक मन्त्रिमण्डल गठन गरिबक्सेका छौं।

| | |
|---|---|
| १। श्री कुँवर इन्द्रजितसिंह, | प्रधानमन्त्री। |
| २। श्री पुरेन्द्रविक्रम शाह, | मन्त्री। |
| ३। श्री परशुरामभक्त माथे, | ऐ |
| ४। श्री सी. बी. सिंह, | ऐ |
| ५। श्री डम्बरबहादुरसिंह, | ऐ |
| ६। श्री रामाधीन महतो, | ऐ |
| ७। श्री जीवराज शर्मा, | ऐ |
| ८। श्री कुलबहादुर लिम्बु, | ऐ |
| ९। श्री भूपालमानसिंह, | ऐ |
| १०। श्री पद्मनरसिंह राणा, | ऐ |
| ११। श्री लक्ष्मीप्रसाद देवकोटा, | ऐ |

प्रजातान्त्रिक पद्धतिलाई अँगालेर यस मन्त्रिमण्डलले सबैको सहयोग पाई मुलुकका समस्याहरू सुचारुरूपले समाधान गर्न सकुन् भन्ने हाम्रो आशा छ।

देशको कामकाजमा सरकारलाई सुचारुरूपले सहायता र परामर्श गर्न निम्नलिखित उचित अधिकारसम्पन्न विशेष व्यवस्था गर्ने बन्दोबस्त पनि हामीबाट गर्न लागिबक्सेका छौं।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
150

१। सात जनासम्मको विशिष्ट व्यक्तिहरू भएको राष्ट्र-परिषद् ।

२। पाँच जनासम्मको विशिष्ट व्यक्तिहरू भएको कार्यशीघ्रकारक कमिटी ।

३। विशेष सुविधा प्राप्त पञ्चवर्षीय योजना मण्डल ।

र चुनाव कमिशनलाई सुचारुरूपले शीघ्रतापूर्वक काम गर्न गराउन विशेष बन्दोबस्त पनि हुनेछ ।

अन्तमा हामीहरूको जुन विशुद्ध भावना र कार्यशीलताबाट हाम्रो मुलुकमा प्रजातन्त्र शुरु भयो, अब पनि जनसहयोग पाई त्यही भावना र कार्यशीलता हरेक क्षेत्रमा देख्न सकौं—यही श्रीपशुपतिनाथमा हाम्रो हार्दिक प्रार्थना छ ।

जय नेपाल !

मिति २०१४। ४।११।६
राज-दरबार, काठमाडौं ।

सरकारका आदेशबमोजिम
चन्द्रबहादुर थापा,
प्रमुख सेक्रेटरी

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर, प्रेमराज शर्मा

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
959

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

152